# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

प.सं.०८१/८२
च.नं.

## सहकारी संस्थाहरुका ऋणी सदस्यहरुलाई ऋण भुक्तान गर्ने सम्बन्धी जरुरी सूचना

प्रकाशित मिति २०८१/४/०२

सहकारी संस्थाहरुबाट ऋण लिई ऋणी सदस्यहरुले निर्धारित समयभित्र सोको साँवा व्याज चुक्ता गर्न पटक पटक ताकेता गर्दा समेत ऋणको सावाँ तथा व्याज चुक्ता नगरेकाले केही संस्थाहरुमा तरलताको समस्या भएको साथै सदस्यहरुको बचत फिर्ता गर्न नसकेको गुनासो आइरहेको छ। उक्त ऋण असुलीमा सहजीकरणका लागि विभिन्न संस्थाहरुबाट अनुरोध भै आएको सन्दर्भमा यो सूचना प्रकाशित गरिएको छ। सहकारी ऐन २०७४, को दफा ७९, दफा ८३ तथा सहकारी नियमावली २०७५, को नियम ३० साथै अर्जुनधारा नगरपालिकाको सहकारी ऐन २०७७, को दफा ६३ मा सहकारी संस्थाहरुले ऋण तथा बाँकी बक्यौता असुली गर्ने सम्बन्धी व्यवस्थाहरु रहेको व्यहोरा सर्वबिदित नै छ। अतः प्रचलित कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी जुन सम्झौता वा शर्त बमोजिम ऋण लिएको हो सोही बमोजिम ऋणको सावाँ र व्याज लगायतका रकम सम्बन्धित सहकारी संस्थामा समयमा नै भुक्तान गरी जिम्मेवार सदस्यको दायित्व पूरा गर्नुहुन जानकारी गराईन्छ।

तिलोचन रिमाल
प्रमुख प्रशासकीय अधिकृत